महाभारतगाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
देविटार,काभ्रेपलाञ्चोक
स्था. २०७३
बागमतीप्रदेश, नेपाल

पत्र संख्या:- ०७९/०८०

च. नं :- ४२

## बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दर्ता गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति :२०७९/१०/२९

प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक प्रत्याभूति गराउन तोकिएको मापदण्ड पुरा गरेका नेपाली नागरिकले रोजगारीको हक सम्वन्धी नियमावली, २०७५ को नियम ७ बमोजिम आफु स्थायी बसोबास गरेको वडा कार्यालयमा वा स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमा फागुन महिनाभरी २०७९/०८० को लागि निवेदन फारम भराई सक्नुपर्नेछ । चैत्र महिनाभित्र अनलाईन प्रविष्ट गरिसक्नुपर्ने, बैशाख महिनमा प्राथमिकीकरण गरिसक्नुपर्ने र त्यसैको आधारमा असारमा बजेट विनियोजन हुने जानकारी गराईन्छ ।

**बेरोजगार व्यक्तिको सूचीकरण सम्बन्धी ब्यवस्था:**

१ १८ देखि ५९ बर्ष उमेर समुहको हुनुपर्नेछ ।

२ निवेदन दिंदाको मितिसम्म सोही आर्थिक बर्षमा न्युनतम सय दिन बरावरको रोजगारीमा संलग्न नभएको हुनुपर्नेछ ।

३ नेपाल सरकारले तोकेको न्युनतम बार्षिक आय ५७,७०० भन्दा कम आय भएको हुनुपर्नेछ ।

यस कार्यक्रम मार्फत न्युनतम रोजगारी प्रदान गरी विपन्न तथा जीवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायराभित्र ल्याउन सहयोग पुर्‍याउने लक्ष्यलाई विवादरहित, निष्पक्ष र सफल पार्न बेरोजगार व्यक्तिको परिवारले दिने निवेदनमा निवेदकका र निजका परिवारको विवरण यथार्थ, स्पष्ट र वडा कार्यालयबाट प्रमाणित भई आएको हुनुपर्नेछ । अन्यथा अपुर्ण र झुटा निवेदन रद्द गरिनेछ । पूर्ण विवरणका लागि आवश्यक विवरण तपशिलमा उल्लेख गरिएको छ ।

**तपशिल:**

१ निवेदनसहित निजका परिवारको सम्पुर्ण सदस्यहरुको नागरिकता प्रमाणपत्रानुसारको सही र स्पष्ट विवरण (नाम, नागरिकता नं., जन्म मिति, जारी जिल्ला र जारी मिति) ।

२ निवेदकसँग निजका परिवारको सम्पूर्ण सदस्यहरुको नाता ।

३ निवेदक सहित निजका परिवारको सम्पूर्ण सदस्यहरुको रोजगारीको अवस्था ।

४ निवेदक सहित निजका परिवारको सम्पूर्ण बेरोजगार सदस्यहरुको मात्र सीप, शैक्षिक योग्यता र बैंक खाताको विवरण (उपलब्ध भए) ।

५ निवेदकको वार्षिक पारिवारिक आम्दानी ।

पुनश्च: यदि फाराम भर्न सम्बन्धी केही गुनासो वा अप्ठ्यारो परे सम्बन्धित वडा कार्यालय वा गाउँपालिका स्थित रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

हरि सिंह बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

श्री सुचना प्रविधि शाखा वेभ साईटमा अपलोड गरिदिनु हुन ।

Url: mahabharatmun.gov.np Phone No: 9866294010 Email: ito.mahabharatmun@gmail.com

CamScanner